# जिल्ला विकास समिति बझाङको
# पहिलो चौमासीक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
# २०७२

**पृष्ठभुमी**

स्थानिय स्वायत्त शासन ऐन नियमावलीले निर्दिष्ट गरे अनुसार हरेक सार्वजनीक निकायहरुले सेवाग्राही र सरोकारवालाहरु विच र सार्वजनिक सुनुवाई गर्नु पर्ने हुन्छ । सार्वजनिक सुनुवाईले शुसासन गर्ने मद्दत गर्नुका साथै अक्तियारवाला व्यक्ति र पीडित लाई जवाफदेही र जिम्मेवार बनाउन्छ । साथै समास्याको सामाधान पनि सार्वजनिक सभामै हुने भएकाले यो विधिको शासन कायम गर्ने एउटा प्रजातान्त्रिक औजार पनि हो ।

यसोगर्दा योजना तथा कार्यक्रममा भएको कमि कमजोरी खुलासा हुन्छ । कार्यक्रम दिगो हुन मद्दत गर्छ । यस्तो अवस्थालाई मध्यनजर गरी जिल्लाविकास समितिले विगतका वर्षझैं यसपाली पनि सार्वजनिक सुनुवाई गरेको छ । तर यसपाली आर्थिक वर्ष २०७२ । ०७३ को पहिलो चौमसीकमा नै जिल्ला विकास समितिले सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको नाम सार्वजनिक सुनुवाई**

| | |
|---|---|
| कार्यक्रम आयोजना गरिएको | मिति र समय २०७२ कार्तिक १९ गते विहान ११ बजेवाट ३ बजे सम्म |
| स्थान | जिल्ला विकास समितिको सभाहल |
| सार्वजनिक सुनुवाई गरेको निकाय | जिल्ला विकास समितिको आर्थिक वर्ष २०७२।०७३ मा संचालीत पहिलो चौमासीकको योजना तथा कार्यक्रमहरुको । |
| सार्वजनिक सुनुवाई सहजकर्ता | पत्रकार जगदीश रोकाया र जगत खड्का |

**सार्वजनिक सुनुवाइको उद्देश्य**

१ जिल्ला विकास वाट संचालीत भएका योजना तथा कार्यक्रममा भएको कमिमजोरी प्रष्टपार्नु ।
२ अधिकारवाला व्यक्तिले गरेको गलत कार्यको विरोध गर्न ।
३ समस्यामा परेका उपभोक्ता जनता र पिडितलाई अख्तियार प्राप्त व्यक्तिसामु आफ्नो पिडा र समस्या राख्न ।
४ जिम्मेवार निकायलाई गल्ती नदोहर्याउन ।
५ भ्रष्टचार अन्याय र अत्याचारकम गर्ने साथै सवैलाई जवाफदेही बनाउन र विकासमा सहकार्य गर्ने ।

**सार्वजनिक सुनुवाईका गतिविधिहरु**

- **आसन ग्रहण र छलफल विधि**

स्थानिय विकास अधिकारी आत्मराम सत्यालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अथिती साहेक प्रमुख जिल्ला अधिकारी खगेन्द्र मल्ल रहेका थिएभने अतिथि कार्यालय प्रमुख राजनितिक दलका नेता संगसंस्थाका प्रतिनिधि उपभोक्ताहरु र संरचारकमी गरि जिविसको प्राङ्गडमा झण्डै एक सय जना सहभागी थियो ।

आसनग्रहण भएपछि जिल्ला विकास समितिका योजना अधिकृतले शुभकामना तथा कार्यक्रमको औचित्यमाथी प्रकाश परेका थिए । कार्यक्रम विहान ११.३० बजेवाट सुरुभएर करिब ३ घण्टा संचालन भएको थियो । कार्यक्रममा सहजकर्तावाट सार्वजनिक सुनुवाईका आचारसंहिता वारे जानकारि गरेको थियो ।

सहजकर्ताले केहि भुमिका बाँधेपछि पुनह योजनाले आर्थिक वर्ष २०७२। ०७३ सालमा संचालीत जिल्ला विकासका कार्यक्रम र योजनाको बारेमा प्रस्तुतीकरण गरेका थिए । यसै विषय बस्तुका आधारमा रहेर छलफल तथा गुनासा टिकाटिप्पणी गरिएको थियो ।

- **प्रस्तुतीमा रहेका जिल्ला विकासका योजना तथा कार्यक्रम**

१ जिविस अनुदान तर्फका योजना र रकम
२ राजश्व बाँडफाँड तर्फका योजना र रकम
३ आन्तरिक आय तर्फ र पर्यटन पुर्वाधार तर्फका कार्यक्रम र रकम
४ अन्य कार्यक्रम तर्फ साना सिचाई । र्निबाचन क्षेत्रविकासका योजना , थप अनुदान तर्फका योजना , सामुदायिक विकास कार्यक्रम , दुर्गम क्षेत्र, उपाप, डिर्‌लिप, पुन र्निमाणका योजना , जलश्रोत उर्जा, ग्रामिणकृर्षि सडक, झोलुङ्गे पुल, बालमैत्रिक शासन ,  युएनफपिय, जिल्ला प्राविधिक कार्यालय अन्तरगतका संचालीत योजनाहरुको प्रस्तुत गरिएको थियो ।

- **सार्वजनिक सुनुवाईमा उठेका प्रश्न र जिज्ञासाहरु**

१ योजनामा दोहरो खर्च भएको ।
२ योजनामा कमिसन लिने गरेको ।
३ सार्वजनिक सुनुवाईमा सरोकारवालाको उपस्थिती न्युन किन ।
४ राजनिकदल संग सहकार्यगरी योजना दिएको ।
५ योजनाको सम्पन्न नगरि भुक्तानि दिएको ।
६ जिल्ला विकास समिति र संसदकोषका योजना अनुगमन भएनन् ।
७ योजनाको सम्झौता आर्तिक वर्षको अन्तमा भएर रकम दुरुपयोग हुने गरेको ।

- **उठेका प्रश्न जिज्ञासा माथी अख्तियारी व्यक्तिको उत्तर**

१ **प्रश्नकर्ता** रमेश महर
प्रस्तुत कार्यपत्रको एक एक प्रतिलिपी चाहियो  ?
**उत्तरकर्ता** स्थानिय विकास अधिकारी आत्मराम सत्यालले मातहतका कर्मचारी खटाएर कार्यक्रममा प्रस्तुत गरेको प्रतिवेदनको फोटोकपी गर्न लगाएर वितरण गरेको  ।
२ **प्रश्नकर्ता देव खड्का**   कार्यक्रम औचित्य निभाउन मात्रै भयो  ।
**उत्तर** स्थानिय विकास अधिकारी यो पहिलो चौमासीकको समिक्षा तथा सार्वजनिक सुनाई हो ।  यसलाई औचित्य निभाउन भन्नु भन्दापनि पद्धती बसाल्नु पर्छ  ।
३ **प्रश्नकर्ता**   धर्मजंङ सिंह जनसहभागीता खासै भएन किन  । यसपाली सम्झौता ठिटो गर्नु पर्‍यो ।
**उत्तर** स्थानिय विकास अधिकारी पहिलो चौमासीक भएकाले उपभोक्ताहरु आएका  छैनन्  । तर प्राप्त अख्तियारी र कार्यक्रमका बारेमा जानकारी दिदाँ यो जनमासमा पनि राम्रो सन्देश गएको छ । सुचना सार्वजनिक गरेकै हो ।
**४ प्रश्न**  अर्जुन थापा एमाले पुर्व पार्टी अध्यक्ष  यसपाली पहिलो चौमासीकमा नै सार्वजनिक सुनुवाइ गर्नु आफैमा सकारात्मक छ  । अवको बाटो छिटो योजना सम्झौता गरेर काम अगाडी बढाउनु पर्छ ।
**उत्तर** थापा सरलाई धनयावद अब हामी यसपाली छिटैनै योजना सम्झौतागरि काम अगाडी बढाउने हो  ।

**५ प्रश्न कृष्ण खाती गैसस प्रतिनिधि पानकोट सेती नदीको पुल र्निमाणको काम कहाँ पुग्यो**  ।

**उत्तर जिविस लेखाअधिकृत शेर बहादुर विष्टले पुलको काम ठेकदारले पेश्की लिएको छ तर काम नगरेको हुदाँ ताकेता पत्र पठाएको छ ।**

**६ प्रश्न** दुर्गममा खाद्य डिपो पनि छैन नुन पनि पाइदैन चामल पनि छैन गोरख खड्का  ।

**उत्तर** डिपो सार्न पहल भई रहेको छ  ।

**७ सुभाव** योजनाहरुको डिजाइने स्टमेट पहिलेनै गर्नु पर्‍यो र योजनाको काम यसपाली छिटो सुरु गरौ दिल बहादुर सिंह नेकपा एकाले जिल्ला अध्यक्ष ।

**८ सुझाव** यसपालीको यो सार्वजनिक सुनाई ठिक छ अन्य विकासिय निकायले पनि यस्तो कार्यक्रम गर्नु आवस्यक छ एनेकपा माओवादी कलक बहादुर खड्का ।

**९ सुझाव हिरेन्द्र नेपाली राप्रपा** पहिलो चौमासीक भएक्ाले काम कम छ भएका योजनाहरु राम्रो संग बनुन ।

१० **प्रश्न** यसपाली सामाजिक सुरक्षा भर्ताको रकम किन छिटो निकासा भएन कलक खत्री गैसस प्रतिनिधि

**उत्तर** यसपाली सरकारले सामाजिक सुरक्षा भर्तामा रु पाँच सय थप्ने भन्ने भएकाले लगत लिन ढिला भएकाले ढिला भएको हो अव छिटै निकासा हुन्छ लेखा अधिकृत शेर बहादुर विष्ट ।

**सकारात्मक पक्ष**

प्रश्नकर्ताको जवाफ अख्तियारी व्यक्तिले चित्तबुझ्दो दिएका थिए ।

सुनुवाई कार्यक्रम सभ्य र मर्यादित रुपमा भएको थियो । केहि उठेका जिज्ञासामा सभाका अध्यक्ष तथा स्थानिय विकास अधिकारीले तत्कालै ध्यान आर्कषण भई कार्यक्रम सकिए लगतै सुझाव लाइ कार्यन्वय गर्ने प्रतिवद्धता गरेका थिए ।

**सुझावहरु**

चैमासीक प्रतिवेदन प्रतिलिपी अग्रीम वितरण गरेको भए अझै राम्रो हुने थियो ।

सार्वजनिक सुनुवाईको स्थान र सहभागीको बसाई व्यवस्थापन सवै एकै साईजमा बसालेको भए अझै राम्रो हुने थियो ,





**प्रतिवेदक**

सहजकर्ता पत्रकार जगदीश रोकाया र जगत खड्का